प्रिमियर
INSURANCE
DELIVERING PROMISES

पत्र संख्या: ०७८/०७९-३४१३

मिति: २०७८/१०/२५

प.लि.नं. ६२-०४८।०४९
मू.अ.कर नं. ५०००६०४१८

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

**विषय: अठाईसौं वार्षिक साधारण सभाको निर्णय पठाईएको बारे ।**

२०७८ साल माघ २१ गते शुक्रबारका दिन कम्पनीको केन्द्रिय कार्यालय, नक्साल, काठमाडौंबाट प्रत्यक्ष तथा भिडियो कन्फरेन्स मार्फत बसेको यस कम्पनीको अठाईसौं वार्षिक साधारण सभाबाट पारित निर्णय (माईन्युट) कम्पनी ऐन २०६३ को दफा ८० बमोजिम यसै साथ पठाईएको छ ।

आज्ञाले,

सहदेव तिवारी
कम्पनी सचिव



प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.
प्रिमियर भवन, नक्साल, पो. ब. नं. ९१८३, काठमाडौं, नेपाल
९७७-१-४४१३५४३, ४४१०६४८
९७७-१-४४१३४४२
premier@picl.com.np
www.premier-insurance.com.np

# प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.

नारायण चौर, नक्साल
पोष्ट बक्स: ९१८३, काठमाडौं, नेपाल
टेलिफोन: ४५१३५४३, ४५३९३५३ फ्याक्स: ४५१३४४२

E-mail: premier@picl.com.np
Web: www.premier-insurance.com.np

## अठाईसौं
## वार्षिक साधारण सभा
## बाट
## पारित निर्णय विवरण

## आ.व. ०७७/०७८

मिति: २०७८/१०/२५

**विषय: अठाईसौं वार्षिक साधारण सभाको निर्णय ।**

आदरणिय शेयरधनी महानुभाव,

२०७८ साल माघ २१ गते शुक्रबारका दिन कम्वनीको केन्द्रिय कार्यालय भवन नक्साल, काठमाण्डौंबाट भिडियो कन्फरेन्स मार्फत तथा कम्पनीको बैढक काक्षमा बसेको यस कम्पनीको अठाईसौं वार्षिक साधारण सभाबाट पारित निर्णय (माईन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ (३) बमोजिम यसै साथ पठाईएको छ ।

आज्ञाले

सहदेव तिवारी
कम्पनी सचिव

<u>प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.</u>
<u>अठाईसौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)</u>

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लिमिटेडको अठाईसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूको अध्यक्षतामा २०७८ साल माघ २१ गते शुक्रबार तदनुसार २०२२ फेब्रवारी ०४ तारिखका दिन कम्पनीको केन्द्रिय कार्यालय भवन नक्साल, काठमाण्डौंबाट भिडियो कन्फरेन्स मार्फत तथा कम्पनीको बैठक काक्षमा बसेको बिहान ११:०० बजे शुरु भई दिनको १ बजे समाप्त भयो ।

**१) सभाको सूचना तथा प्रकाशन:**

अठाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार २०७८/०९/२९ गतेका दिन कारोबार राष्ट्रिय दैनिकमा तथा मिति २०७८/१०/०६ गतेका दिन आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

**२) उपस्थिति:**

**(क) कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप प्रत्यक्ष तथा भिडियो कन्फरेन्स मार्फत देहाय बमोजिम संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| १) श्री सुरेश लाल श्रेष्ठ | अध्यक्ष |
| २) श्री प्रभु कृष्ण श्रेष्ठ | सदस्य |
| ३) श्री राजेश लाल श्रेष्ठ | सदस्य |
| ४) श्री राजन कृष्ण श्रेष्ठ | सदस्य |
| ५। श्री बलराम श्रेष्ठ | सदस्य |
| ६) श्री महेन्द्र बाहादुर श्रेष्ठ | सदस्य |
| ७) श्रीमती जेसमीन हाडा बर्ज्राचार्य | सदस्य |

**३) सभा संचालन गर्न गणपूरक संख्या:**

१) (अ) कुल शेयरधनीहरु मध्ये उपस्थित संख्या: १२८
(आ) बांडफांड भएको कुल शेयर संख्या मध्ये उपस्थित प्रतिशत: ६४%

उपरोक्त बमोजिम सभा संचालन गर्न उपरोक्त गणपूरक संख्या कम्पनी २०६३ को दफा ७३(२) बमोजिम पुगेको सभालाई जानकारी गराईयो ।

४) छलफलको विषय सूची:

(क) सामान्य प्रस्ताव

१। संचालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२। लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने ।
३। यस कम्पनीको हालको चुक्ता पूंजीको ०.७५ प्रतिशतले हुने नगद लाभांश रकम रु. ८०,५९,२००/- बोनस शेयरको कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
४। आ.व. २०७८/०७९ को लागि लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
५। विविध

(ख) विशेष प्रस्ताव

१। कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको १४.२५ प्रतिशत बोनश शेयर जारी गर्ने ।
२। कम्पनीको नियमावली संशोधन गर्ने ।
३। निर्जीवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार संचालक समितिलाई प्रदान गर्ने ।

५) सभाको बैधानिकता र सभाको प्रारम्भ:

कम्पनी ऐन २०६३ को दफा ६९ को प्रावधान अनुसार अठाइसौं वार्षिक साधारण सभा बोलाईएको र सोही ऐनको दफा ७३(२) बमोजिम सभा सम्पन्न गर्न कम्पनी सचिवले गणपुरक संख्या पुगेको सभा समक्ष जानकारी दिनु भए पश्चात साधारण सभा प्रारम्भ भयो ।

६) सभाको सभापतित्व र प्रतिवेदन प्रस्तुति:

संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भई संचालक समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो ।

७) छलफलका लागि आव्हान र सहभागी हुने वक्ताहरुको नाम:

अध्यक्षज्यूबाट संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत भए पछि कम्पनी सचिवले आ.व. २०७७/०७८ को प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन तथा हिसाब उपर छलफलमा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा मन्तव्य तथा सुझाव व्यक्त गर्न नाम दिन अनुरोध गर्नु भएकोमा निम्न शेयरधनीहरुले छलफलको निमित्त नाम प्रस्तुत गर्नु भयो ।

क) श्री अशोक उप्रेती
ख) श्री चन्द्र नारायण श्रेष्ठ
ग) श्री शिव प्रसाद पौडेल
घ) श्री डमरु वल्लभ घिमिरे
ङ) श्री उद्धव प्रसाद घिमिरे
च) श्री लभ राज जोशी
ज) श्री गुण राज भट्ट
ञ) श्री सत्रुघन श्रेष्ठ

८) वक्ता शेयरधनीहरुले दिनु भएको सुझाव, प्रश्न, जिज्ञासा एवं प्रतिक्रिया निम्न प्रकारको रह्यो:

क) अशोक उप्रेती

- बीमा क्षेत्रमा हाल बिद्यमान तिब्र प्रतिस्पर्धा रहेको अवस्थामा पनि राम्रो प्रतिफलको लागि धन्यबाद ।
- समृद्ध नेपाल सुखी नेपालीको नारा सफल बनाउनका लागि कृषि र बीमा संग संगै जानु पर्ने ।
- मर्जरमा जाउ भन्ने गलत नीतिको बिरोध गर्दछु ।

ख) चन्द्र नारायण श्रेष्ठ

- १५ प्रतिशत बोनस शेयर तथा नगद लाभांशको लागि धन्यबाद ।
- समग्र बीमा बजार ३३ अर्ब ७० करोड भई २२ प्रतिशत बृद्धि भएकोमा कम्पनी बृद्धि सो अनुपातमा नभएकोले त्यस तर्फ ध्यान दिनु होला ।
- महा विपत्ति कोषबाट ३ करोड ७३ लाख कुन प्रयोजनको लागि खर्च भएको जानकारी पाउ ।

ग) शिव प्रसाद पौडेल

- १५ प्रतिशत बोनस शेयर तथा नगद लाभांशको लागि धन्यबाद ।
- लाभांश बीमा समितिबाट सच्याएर आउनु राम्रो भएन यस्तो कमी कमजोरी हुनु भएन ।
- वार्षिक साधारण सभाको विवरण प्रिन्टेड ब्यालेन्ससिट प्राप्त भएन समयमा उपलब्ध गराउनु पर्‍यो ।
- तीन महले विवरण फेला नपरेको हुनाले सो सम्बन्धी जानकारी गराउनु होला ।
- पौष मसन्त भित्र समयमा नै साधारण सभा हुनु पर्‍यो ।

घ) डमरु बल्लव घिमिरे

- साधारण सभा अन्य कम्पनीहरुको तुलनामा समयमा भएकोमा धन्यबाद ।
- लगानीकर्ताहरुलाई लगानीको प्रतिफल सुनिश्चत गरेकोमा धन्यबाद ।
- प्रबन्धपत्र तथा नियमावली संशोधनको लागि तीन महले देखिएन ॥

ङ) उद्धव प्रसाद घिमिर

- ब्यालेन्ससिट तथा पोंटफोलियो साईज राम्रो छ ।
- सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकज्यूहरुबाट सर्वसाधारण शेयरधनीको आवाज उठाउनु पर्‍यो ।
- दण्ड जारिवाना रु.६४,००० तिरेको देखिन्छ आगामी वर्ष त्यस तर्फ ध्यान दिनु पर्‍यो ।
- ग्राहकहरुलाई customer oriented services उपलब्ध गराउनु प-यो ।

च) लभ राज जोशी

- १४.२५ प्रतिशत बोनस शेयर र ०.७५ प्रतिशत नगद लाभांशको लागि धन्यबाद ।
- बजारमा के भईरहेको छ जानकारी लिनु पर्‍यो २८ वर्ष पुरानो कम्पनीले शेयरधनीहरु संग अन्तरक्रिया गर्नु पर्‍यो ।
- सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुले साधारण शेयरधनीहरुको गुनासो सुन्नु पर्‍यो ।
- कम्पनीको दुरगामी विकासको लागि केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरुका कर्मचारीहरु समेतलाई तालिमको व्यवास्था गर्न होला ।

छ) गुण राज भट्ट

- अग्रिम आयकर समेत १५ प्रतिशत बोनस शेयरको लागि संचालकज्यूहरु, अध्यक्षज्यू तथा प्रमुख कार्याकारी अधिकृतलाई बधाई ।
- हालसम्म पनि कोभिड १९ पूर्ण नियन्त्रण नभएको हुनाले ग्राहकहरु तथा कर्मचारीहरुको स्वस्थ्यलाई ध्यानमा राखी व्यवसाय संचालन गर्नु प-यो ।
- खर्चमा मितब्ययीता अपनाउनु पर्‍यो कर्मचारीहरुबाट अधिकतम काम लिन पर्‍यो ।
- आगामी वर्ष पौष मसान्तभित्र साधारण सभा गर्नु पर्‍यो ।
- श्री महेन्द्र बहादुर श्रेष्ठ सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गरी संचालक हुनु भएकोमा बधाई छ आगामी वर्ष अन्तक्रिया गर्नु पर्‍यो ।

ज) सत्रुघन श्रेष्ठ

- २८ वर्ष पुरा भएको कम्पनीले १४.२५ प्रतिशत बोनस शेयर तथा ०.७५ प्रतिशत नगद लाभाशलाई बेटर भन्न सकिन्छ बेष्ट होइन । आगामी वर्ष २५ प्रतिशत बोनस दिई बेष्ट हुनु पर्‍यो ।
- बीमा शुल्क १ अर्ब ९० करोड ३६ पर्‍याई गत वर्ष भन्दा १२.७६ प्रतिशत बद्धि भएको दावी भुक्तानी १ अर्ब ३७ करोड गरी गत वर्ष भन्दा ३२.९३ प्रतिशत बृद्धि तथा १ लाख ५२ हजार बीमालेख जारी गरी गत आ.व. भन्दा ७.०२ प्रतिशतले बृद्धि गरेकोमा धन्यबाद ।
- कर्मचारीहरुलाई समय सापेक्षा तलब बृद्धि गर्नुका साथै कम्पनीको चुक्ता बृद्धि गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्‍यो ।

**९) शेयरधनीले दिनु भएको सुझाव, प्रश्न जिज्ञासा बारे अध्यक्षज्यूले दिनु भएको जानकारी तथा प्रत्युत्तर जवाफ ।**

- कोरोना महामारी बृद्धि भई जोर बिजोर लागु भएको तथा यस्तो पानी झरी परेको अवस्थामा पनि कम्पनी प्रति गहिरो अभिरुची राखी भौतिक रुपमा उपस्थित हुनु भएका शेयरधनीज्यूहरु तथा संचालकज्यूहरु साथै भिडियो कन्फरेन्स मार्फत सहभागी सम्पूर्ण शेयरधनीहरुलाई संचालक समिति तथा मेरो तर्फबाट आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।



काठमाडौं

- साधारण सभा सम्बन्धी वार्षिक प्रतिवेदन सबै शेयरधनी महानुभावहरुको समक्ष समयमा नपुगेको तर्फ क्षमाप्रार्थी छौं आगामी वर्ष त्यस तर्फ सुधार गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।
- प्रबन्धपत्र तथा नियमावली संशोधनको लागि तीन महले कम्पनीको बोनस शेयर जारी भई चुक्ता पूंजी बृद्धि हुदां राख्नु पर्ने भए पनि कम्पनीको २३ औ वार्षिक साधारण सभाबाट अधिकृत पूंजी २ अर्ब, जारी पूंजी १ अर्ब ५० करोड तथा जारी पूंजीको हदसम्म संचालक समितिले चुक्ता पूंजी बृद्धि गर्न सकिने व्यवस्था पारित भएकोले केही संशोधन गर्नु नपर्ने हुनाले तीन महले राखिएको छैन ।
- वार्षिक प्रतिवेदन अंग्रेजी तथा नेपालीमा छपाई भएको भन्ने सम्बन्धमा कम्पनीले नियमन निकायबाट तयार गरी लागु गरेको लेखा विवरणको ढांचा बमोजिम नेपालीमा लेखा विवरण तयार गर्नुको साथै बीमा कम्पनीहरुलाई लागु भएको नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम अंग्रेजीमा छुट्टै लेखा विवरण ,तयार गरेको जानकारी गराउंदछु । यी दुई विवरण नेपालीको अंग्रेजी अनुबाद नभई छुट्टा छुट्टै लेखा नीति तथा मान्यताका आधारमा तयार गरी लेखापरीक्षक व्दारा प्रमाणित गरिएको छ ।
- अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई भेट्न नसकिएको सम्बन्धमा कम्पनीको अध्यक्ष संचालक समितिको बैठकमा मात्र उपस्थित हुने तथा संचालक समितिको अध्यक्षलाई संस्थागन सुशासन बमोजिम कार्यकक्ष उपलब्ध गराउन नपाउने व्यवस्था रहेको जानकारी गराउंदछु ।
- संचलक समितिको भत्ता तथा प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरुको तलब सुविधाको कुराको सम्बन्धमा कम्पनीले बजारमा के कस्तो चलन चल्तीमा छ सोही अनुरुप अध्ययन गरी कम्पनीको आम्दानी र खर्चको अनुपातलाई दृष्टिगत गरी व्यवस्थापनलाई पूर्ण जिम्मेवार बनाई कम्पनी संचालन गर्ने गरेको छ ।
- आगामी साधारण सभा समयमा गर्न तर्फ ध्यान दिईनेछ ।

**१०) सभाको निर्णय:**

**१०.१) <u>वार्षिक प्रतिवेदन:</u>**

संचालक समितिको तर्फबाट प्रस्तुत भएको आ.व. २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदन सर्व सम्मतिले पारित गरियो ।

**१०.२) लेखा परीक्षकको प्रतिवेदन, नाफा नोक्सान हिसाब तथा वासलात पारित गर्ने बारे:**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ आय व्यय हिसाब, नाफा नोक्सान हिसाब, २०७८ असार मसान्तको वासलात तथा नगद प्रवाह विवरण लगायतका प्रमुख हिसाबहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**१०.३ ) नगद लाभांश पारित गर्ने :**

बोनस शेयर कर प्रयोजनार्थ चुक्ता पूंजीको ०.७५ प्रतिशत रु ८०,५९,२००/- नगद लाभांश पारित गर्ने निर्णय गरियो ।

१०.४) <u>लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने:</u>

आर्थिक वर्ष २०७८/०७९ का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षक श्री जे.बी.राजभण्डारी एण्ड डिबिन्स्का चार्टर्ड एकाउण्टेण्ट श्री जितेन्द्र बहादुर राजभण्डारीलाई रु. ३,३०,०००/- (तीन लाख तीस हजार मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

**१०.५) विशेष प्रस्ताव:**

१०.५.१ कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको १४.२५ प्रतिशतले हुने रकम रु. १५,३१,२४,८००/- बराबर १५,३१,२४८ कित्ता बोनस शेयर जारी गर्ने निर्णय गरियो ।

**१०.५.२ प्रबन्धपत्र तथा नियमावली संशोधन बारे :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्नु नपर्ने जानकारी गराउदछौं ।

**१०.५.३ संचालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने बारै :**

कम्पनीले अन्य निर्जीवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाम्ने, गाभिने वा प्राप्ति गर्ने तथा सो प्रयोजनको लागि डिडिए गर्न लेखापरीक्षक तोक्ने सम्बन्धी सम्पूर्ण अधिकार संचालक समिति अख्तियार प्रत्यायोजन गरियो ।

<u>१) धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :</u>

कम्पनीका अध्यक्षज्यूले साधारण सभा सम्पन्न गर्न सहयोग गर्ने उपस्थित सम्पूर्ण शेयरधनीहरु, संचालकज्यूहरु एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।
अन्त्यमा, छलफल गर्नु पर्ने कुनै विषय बांकी नरहेको हुंदा दिनको १ बजे अध्यक्षज्यूले सभा बिसर्जन गरिएको घोषणा गर्नु भयो ।

सहदेव तिवारी
कम्पनी सचिव

सुरेश लाल श्रेष्ठ
अध्यक्ष